Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेशनल लि.
YOUR PARTNER FOR PROGRESS

अनुसूची -१३

## (विनियम २० सँग सम्बन्धित)

### प्राकृतिक व्यक्ति बाहेक अन्य संस्थाको हितग्राही खाता खोल्ने निवेदन

आवदेन नम्[redacted] : | | | | | | | | |        मिति : | | | | | | | | |

निक्षेप सदस्यको (आन्तरिक) संकेत नम्बर : | | | | | | | | |

निक्षेप सदस्यको परिचय नम्बर : | १ | ३ | ० | १ | १ | ७ | ० | ० |        हितग्राही परिचय नम्बर : | | | | | | | | |

म/हामी हितग्राही खाता खोल्न इच्छुक भएकोले मेरो/हाम्रो विवरण निम्नानुसार रहेको छ :

| | | | | | |
|---|---|---|---|---|---|
| नाम/थर : | | | | | |
| पत्राचार गर्ने ठेगाना : | | | | | |
| राष्ट्र : | | | | | |
| अञ्चल : | | जिल्ला : | | गा.वि.स./न.पा./म.न.पा. : | |
| टोल : | | वडा नं. : | | ब्लक नं. : | |
| फोन नं. : | | फ्याक्स नं. : | | इमेल : | |
| स्थायी लेखा नं. : | | | पोष्ट बक्स नं. : | | |
| अफिसको ठेगाना (यदि पत्राचार गर्ने ठेगाना भन्दा फरक भएमा): | | | | | |
| अञ्चल : | | जिल्ला : | | गा.वि.स./न.पा./म.न.पा. : | |
| टोल : | | वडा नं. : | | ब्लक नं. : | |
| फोन नं. : | | फ्याक्स नं. : | | इमेल : | |

### खाताको प्रकार (कुनै एउटामा चिन्ह लगाउनु होला)

| स्थिति (Status) | सहायक स्थिति (Sub-Status) |
|---|---|
| ☐ राफसाफ   ☐ हितग्राही   ☐ अन्य | निक्षेप सदस्यले भर्ने |

| | | | |
|---|---|---|---|
| नियमककोमा दर्ता भएको मिति | | | |
| धितोपत्र बोर्डको दर्ता नं. : | | धितोपत्र बोर्डमा दर्ता मिति : | |
| कम्पनी रजिष्ट्रारको कार्यालयको दर्ता नं. : | | कम्पनी रजिष्ट्रारको कार्यालयको दर्ता मिति : | |
| नेपाल राष्ट्र बैंकको दर्ता नं. : | | नेपाल राष्ट्र बैंकको स्वीकृत मिति : | |

### राफसाफ सदस्यको विवरण

| | |
|---|---|
| धितोपत्र बजारको नाम : | |

दलाल परिचय नं. : | | | | | | | | |

| | पहिलो आधिकारिक दस्तखत | दोस्रो आधिकारिक दस्तखत | तेस्रो आधिकारिक दस्तखत |
|---|---|---|---|
| नाम | | | |
| पद | | | |
| हस्ताक्षर | | | |
| पासपोर्ट साइजको फोटो | फोटोमा पर्ने गरी हस्ताक्षर | फोटोमा पर्ने गरी हस्ताक्षर | फोटोमा पर्ने गरी हस्ताक्षर |

(अर्धकट्टी)

निक्षेप सदस्यको परिचय नं. : १ ३ ० १ १ ७ ० ० हितग्राहीको परिचय नं. :

| | पहिलो आधिकारिक दस्तखत | दोस्रो आधिकारिक दस्तखत | तेस्रो आधिकारिक दस्तखत |
|---|---|---|---|
| नाम | | | |
| आधिकारीक हस्ताक्षर | | | |

## बुझिलिएको रसिद

हामीले खाता खोल्ने फारम बुझिलियौं ।

| | |
|---|---|
| शेयरवालाको नाम | |

**निक्षेप सदस्यको**

नाम : सिटिजन्स बैंक इन्टरनेसनल लि.

दस्तखत :

कम्पनीको छाप :

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेशनल लि.
YOUR PARTNER FOR PROGRESS

अनुसूची १५

**(धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० को उपविनियम ३ सँग सम्बन्धित)**

## निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

शारदा सदन, का.म.न.पा. ३१ स्थित कार्यालय रहेको सिटिजन्स बैंक इन्टरनेसनल लि. (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि 'सदस्य' भनिएको) प्रथम पक्ष र ........................................ स्थित कार्यालय/ठेगाना रहेको ........................................ (वैधानिक अस्तित्व भएको निकाय/प्राकृतिक व्यक्तिको विवरण) यसपछि ('हितग्राही' भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

१. **सामान्य प्रावधान** : यस सम्झौताका पक्षहरु धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समयसमयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रुपमा पालना गर्न सहमत छौं ।

२. **रकम असुल उपर** : हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

३. **खाताको फाँटवारी (स्टेटमेन्ट)** : सदस्यले हरेक तीन महिनाको अन्तमा हितग्राहीलाई निजका खाताको फाँटवारी प्रदान गर्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

४. **विवरणमा भएका परिवर्तनहरुबारे हितग्राहीले सूचित गर्नुपर्ने** : हितग्राही सूचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुनेछैन ।

५. **हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने** : सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

६. **प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपले जिम्मेवार हुनेछ** :

(क) निक्षेप सदस्यसँग भएको सम्झौता र खाता खोल्दाका विवरणहरु तथा तथ्य सम्बन्धमा,

(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखतको अधिकारीकता र सत्यता सम्बन्धमा,

(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,

(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,

(ङ) कुनै पनि निष्काशित धितोपत्र खरीद गरेकोमा सो को सत्य विवरण ।

७. **अधिकारिक प्रतिनिधि** : हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियारप्राप्त व्यक्तिले सदस्यसँगको सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

८. **सम्झौता रद्द गर्ने** : विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिएअनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरुले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरुलाई सोही हितग्राहीको निर्देशनबमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

९. **काबुबाहिरको परिस्थिति** : यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँईचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, अपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौताअन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

१०. **जनाउ** : यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

११. **विवादको समाधान** : पक्षहरुका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिएअनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरुलाई पनि लागु हुनेछ ।

१२. **नियमनकारी कानून** : यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

**सम्झौताका प्रथम पक्ष**

निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त
व्यक्तिको नाम :
दस्तखत :
कम्पनीको छाप :

**सम्झौताका दोस्रो पक्ष**

हितग्राहीको तर्फबाट अधिकार प्राप्त
व्यक्तिको नाम :
दस्तखत :
कम्पनीको छाप :

**साक्षी**

१. ........................................

**साक्षी**

१. ........................................